गंगादेव गाउँपालिका

# गाउँ कार्यपालिकाको बैठक

आ.व. २०८१/०८२ को गाउँ कार्यपालिकाको बैठक
संख्या:................................

- मितिः २०८१ चैत्र ६ गते बुधबार ।
- समयः ११ बजे बिहान.................. ।
- स्थानः गाउँ कार्यपालिकाको कार्यालय सुखाओडार, रोल्पा

गंगादेव गाउँपालिका का अध्यक्ष श्री हरी बहादुर पुनको अध्यक्षतामा बसेको गंगादेव गाउँ कार्यपालिको बैठकमा तपशिलको उपस्थितिमा तपशिल बमोजिमका बिषयहरुका छलफल गरी तपशिल बमोजिमका निर्णयहरु गरीयो ।

## उपस्थितिः

| सि.न. | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री हरी बहादुर पुन | गाउँपालिका अध्यक्ष | |
| २ | श्री अमृता कुमारी के सी | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री अमृत बहादुर वली | वडा अध्यक्ष (१ न. वडा) | |
| ४ | श्री अमर बहादुर खत्री | वडा अध्यक्ष (२ न. वडा) | |
| ५ | श्री लोकसान वली | वडा अध्यक्ष (३ न. वडा) | |
| ६ | श्री कृष्ण वली | वडा अध्यक्ष (४ न. वडा) | |
| ७ | श्री अमृत बहादुर बुढा | वडा अध्यक्ष (५ न. वडा) | |
| ८ | श्री विर बहादुर वली | वडा अध्यक्ष (६ न. वडा) | |
| ९ | श्री प्रेम प्रकाश के सी | वडा अध्यक्ष (७ न. वडा) | |
| १० | श्री भक्ती वि.क. | गाउँ कार्यपालिका सदस्य | |
| ११ | श्री रामकला वि क | गाउँ कार्यपालिका सदस्य | |
| १२ | श्री दुरपता घर्ती | गाउँ कार्यपालिका सदस्य | |
| १३ | श्री तुल्सी कामी | गाउँ कार्यपालिका सदस्य | |
| १४ | श्री कमला डाँगी | गाउँ कार्यपालिका सदस्य | |
| १५ | श्री खिमा कुमारी के सी | गाउँ कार्यपालिका सदस्य | |
| १६ | श्री त्रिविक्रम खड्का | सदस्य सचिव | |

<u>कर्मचारीहरुको उपस्थितिः</u>

| सि.न. | कर्मचारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | कुल बहादुर योगी | प्रशासन शाखा प्रमुख | |
| २ | विरेन्द्र पुन | कार्यालय सहयोगी | |
| | | | |

प्रस्तावहरुः-

१ अघिल्लो कार्यपालिकाको निर्णय समिक्षा सम्बन्धमा ।
२ वडा नं ५ र वडा नं २ तथा ३ को खानेपानी विवाद् समाधान गर्न समिति गठन गर्ने सम्बन्धमा।
३ इलाका प्रहरी कार्यालय जिनावाङ्गको रकम भुक्तानि सम्बन्धमा ।
४ करारमा खेलकुद प्रशिक्षक छनौटको लागि विज्ञापन आह्वान गर्ने सम्बन्धमा।
५ गाडी भाडामा लिने सम्बन्धमा ।
६ SEE परिक्षा अनुगमन समिति गठन गर्ने सम्बन्धमा ।
७ करार कर्मचारी पदपूर्ति सम्बन्धमा ।
८ करार कर्मचारीको करार नविकरण सम्बन्धमा ।
९ प्राथामिक तह तृतिय श्रेणी स्थायी शिक्षक माग सम्बन्धमा ।

<u>निर्णयहरू:</u>

निर्णय नं १ : प्रस्ताव नं १ उपर छलफल गर्दा अघिल्लो कार्यपालिकाबाट पारित भएका निर्णयहरु कार्यान्वयन गर्ने निर्णय गरियो।

निर्णय नं २ : प्रस्ताव नं २ उपर छलफल गर्दा गंगादेव गाउँपालिका वडा नं ५ मा रहेको खानेपानी उपभोक्ता समितिको विवाद समाधान गर्न गंगादेव गाउँपालिकाको खानेपानी मुहान दर्ता सम्बन्धी कार्यविधि २०७७ बमोजिम देहायबमोजिमको **खानेपानी उपभोक्ता समिति** सञ्चालन तथा नियमन समिति गठन गर्ने निर्णय गरियो ।

श्री अमृत वहादुर बुढा -संयोजक

श्री अमृता कुमारी के सी -सदस्य

श्री प्रेम प्रकाश के सी -सदस्य

श्री कमला डाँगी -सदस्य

श्री तुलाधर शर्मा -सदस्य सचिव

यसैगरी वडा नं २ र ३ को संयुक्त खानेपानी विवाद समाधान गर्न देहायबमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

श्री लोकमान वली -संयोजक

श्री अमर बहादुर खत्री -सदस्य

श्री अमृता कुमारी के सी -सदस्य

श्री प्रेम प्रकाश के सी -सदस्य

श्री तुल्सी कामी -सदस्य

श्री

श्री तुलाधर शर्मा -सदस्य सचिव

साथै वडा नं २ र ३ मा रहेको आ.व. २०७६/०७७ मा उक्त स्थानमा संचालित खानेपानी आयोजनासंग सम्बन्धित कागजातहरु आम सर्वसाधारण तथा उपभोक्ताहरुबाट माग भइ आएमा सूचनाको हक सम्बन्धी ऐन २०६४ बमोजिम उक्त आयोजनाको लागत अनुमान, नापी किताव तथा भुक्तानिका फाइलहरुको संवेदनशीलताको आधारमा सामान्य स्तरका सूचना प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं ३ : प्रस्ताव नं ३ उपर छलफल गर्दा इलाका प्रहरी कार्यालय जिनाबाङ्गबाट विभिन्न मितिमा कार्यालयमा भएको आगलागि तथा यसबापत् सिरक डसना खरिदबापत् ९५०० र सडक स्तरोन्नतीको क्रममा ब्लास्टिङ्गबाट कार्यालयमा भएको मोटरसाइकलमा भएको क्षतिबापत ९६०० र पेट्रोलबापतको ९००० गरी कूल २८१०० विल भरपाई प्राप्त भएकोले उक्त क्षतिको भरपाइबापत् एकमुष्ठ २०००० रकम दिने निर्णय गरियो ।

निर्णय नं ४ : प्रस्ताव नं ४ उपर छलफल गर्दा गाउँपालिकाको करारमा खेलकुद प्रशिक्षक छनौट सम्वन्धी कार्यविधि २०८१ बमोजिम करार सेवामा खेलकुद प्रशिक्षक छनौटका लागि विज्ञापन आह्वान गर्ने निर्णय गरियो ।

निर्णय नं ५ : प्रस्ताव नं ५ उपर छलफल गर्दा गाउँपालिकाको पछिल्लो चौमासिकमा योजना अनुगमन तथा अन्य शाखागत कार्यक्रम संचालन गर्न गाडि भाडामा लिनुपर्ने देखिएकोले २०८२ वैशाख देखी असार मसान्तसम्म गाडि भाडामा लिनका लागि सूचना प्रकाशन गरी कोटेशन मार्फत बोलेरो गाडि भाडामा लिने निर्णय गरियो ।

निर्णय नं ६ : प्रस्ताव नं ६ उपर छलफल गर्दा शिक्षा विकास तथा समन्वय इकाइ रोल्पाबाट मिति २०८१ चैत्र ७ गते देखि सञ्चालन हुने माध्यमिक शिक्षा परीक्षा (SEE) २०८१ को परीक्षालाई शान्त व्यवस्थित र मर्यादित रुपमा संचालन गर्न परीक्षा केन्द्रहरुमा आवश्यक सहयोगका साथै परीक्षा

अनुगमनका लागि अनुरोध गरि पठाएको हुँदा तपसिलको SEE परीक्षा अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल

सामाजिक विकास समिति संयोजक -संयोजक

गा पा अध्यक्ष -सदस्य

उपाध्यक्ष -सदस्य

प्रमुख प्रशासकिय अधिकृत -सदस्य

गा पा शिक्षा शाखा प्रमुख -सदस्य

निर्णय नं ७ : प्रस्ताव नं ७ उपर छलफल गर्दा गाउँपालिकाको स्वास्थ्य शाखाको लागि आवश्यक अ.हे.व. पदको लागि खुला विज्ञापन आह्वान गर्ने निर्णय गरियो ।

निर्णय नं ८ : प्रस्ताव नं ८ उपर छलफल गर्दा राँक स्वास्थ्य चौकीमा कार्यरत अ.न.मी. निर्मला कुमारी खड्कालाई आमा सुरक्षा कार्यक्रम अन्तर्गत राखी निजको करार सम्झौता नवीकरण गर्ने निर्णय गरियो ।

निर्णय नं ९ : प्रस्ताव नं ९ उपर छलफल गर्दा गंगादेव गाउँपालिकामा रिक्त रहेका प्राथमिक तह तृतिय श्रेणी शिक्षकहरु गत वर्ष माग गरि पठाईएको तर शिक्षा विकास तथा समन्वय इकाइ रोल्पाको मिति २०८१/१२/०१ गतेको निर्णयले यस पालिकामा कुनै पनि शिक्षक नपठाईएको हुँदा तपसिलको विद्यालयमा स्थायी पदपूर्तिका लागि शिक्षक माग गर्ने निर्णय गरियो ।

तपसिल:

| क्र.सं. | विद्यालयको नाम | रिक्त दरबन्दी संख्या | माग संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | श्री जनता आ वि बिबाङचौर | १ | १ | |
| २ | श्री नेपाल राष्ट्रिय आ वि रातामाटा | १ | १ | |
| ३ | श्री जनचेतना प्रा वि लोदचौर | १ | १ | |
| ४ | श्री बालबोध आ वि झाँक्रिसल्ला | १ | १ | |
| जम्मा | | ४ | ४ | |

त्रिविक्रम खड्का